# जनकपुरधाम उपमहानगरपालिका

## प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

## जनकपुरधाम उपमहानगरपालिकाको प्लाष्टिकजन्य फोहर व्यवस्थापन निर्देशिका-२०७९

### प्रस्तावना

जनकपुरधाम उपमहानगरमा उत्सर्जन हुने फोहरमध्ये प्लाष्टिक फोहरको उत्पादन द्रुत गतिमा बढ्नुका साथै यसको व्यवस्थापन पनि त्यत्तिकै चुनौतीपूर्ण हुँदै गएकाले एकपटक मात्र प्रयोग गर्न सकिने ४० माइक्रोनभन्दा कम मोटाईका प्लाष्टिक झोला र पुनः चक्रीय प्रयोग गर्न नसकिने न्यून गुणस्तरको प्लाष्टिक उत्पादनमा नै निषेध, प्लाष्टिक फोहरको कम उत्पादन, फोहर उत्सर्जन स्थलदेखि नै कुहिने फोहरसँग नमिसाइ छुट्टा-छुट्टै सङ्कलन, ढुवानी, पुनः प्रयोग, प्रशोधन, पुनः चक्रीय प्रयोग गरी उपमहानगरपालिकाले आर्थिक तथा कच्चा सामग्रीका रूपमा अधिकतम उपयोग गर्दै बाँकी रहेको थोरै परिमाणको फोहरको सुरक्षित बिसर्जन गरी यस उपमहानगरपालिकाको धार्मिक मठ-मन्दिर, ताल-तलैया तथा पर्यटकीय स्थलहरूलाई सफा र स्वच्छ स्थलका रूपमा कायम राखी जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको संवैधानिक हकको रक्षा गरी सफा र बस्न लायक शहर निर्माणका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम जनकपुरधाम उपमहानगरपालिकाको कार्यपालिकाबाट पारित गरी प्लाष्टिकफोहर व्यवस्थापन तथा एकपटक मात्र उपयोग गरिने र कमसल गुणस्तरको (पुनः चक्रीय प्रयोग गर्न नसकिने) प्लाष्टिक उपयोग घटाउन तथा निषेध गर्न प्लाष्टिक फोहर व्यवस्थापन निर्देशिका, २०७९ निर्देशिका जारी गरिएको छ।

# जनकपुरधाम उपमहानगरपालिका

## प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

### परिच्छेद - १

### प्रारम्भिक

**(१) सङ्क्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम "जनकपुरधाम उपमहानगरपालिकाको प्लाष्टिकजन्य फोहर व्यवस्थापन निर्देशिका-२०७९" रहेको छ।

(ख) यो निर्देशिका उपमहानगरपालिकाको कार्यपालिकाबाट पारित भई स्थानीय सरकारको राजपत्रमा प्रकाशित भएपछि तुरुन्त लागु हुनेछ।

(ग) यो निर्देशिका लागु भइसकेपछि सबै प्रकारका प्लाष्टिकको व्यवस्थापनको साथै उपमहानगरपालिका क्षेत्रभित्र ४० माइक्रोनभन्दा कम मोटाईका एक पटक मात्र प्रयोग गरिने प्लाष्टिक झोलाको बिक्रि-वितरण र प्रयोगमा निषेध एवं एक पटक मात्र प्रयोग गर्न सकिने कमसल गुणस्तरको प्लाष्टिकका सामाग्रीको उपयोगमा न्यूनीकरण तथा निषेध गरिनेछ।

**(२) परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा (क) "उपमहानगरपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिकालाई सम्झनुपर्छ।

(ख) "नगर कार्यपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(ग) "प्रमुख" तथा "उपप्रमुख" भन्नाले क्रमशः जनकपुरधाम उपमहानगरपालिकाको नगरप्रमुख तथा उपप्रमुखलाई सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भै काम गर्ने अधिकारीलाई सम्झनुपर्छ।

(ङ.) "समिति" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको फोहर व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(च) “फोहरमैला” भन्नाले घरेलु फोहर, संस्थाजन्य फोहर, व्यापारजन्य फोहर, औद्योगिक फोहर, रासायनिक फोहर, स्वास्थ्य सेवामा संलग्न संस्थाहरूबाट निष्कासन हुने फोहर, सडक तथा सार्वजनिक स्थल तथा पार्कबाट निस्कने फोहर, र पशु वधशालासमेतबाट निस्कने फोहर सम्झनुपर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडेगलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरूलगायत अनधिकृतरूपमा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, पम्प्लेट, ब्यानर, प्रयोग नभएका निर्माण सामग्रीहरू, विभिन्न कारणले भत्किएका वा भत्काइएका भौतिक संरचनाबाट निस्कने सामग्री र उपमहानगरपालिकाले सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तुसमेतलाई जनाउँछ । साथै यसले माथि उल्लिखित विभिन्न स्रोत, जस्तै- घर, संस्था, व्यापारिक प्रतिष्ठान, स्वास्थ्य संस्था, उद्योग आदि सबैबाट उत्सर्जन गर्ने विभिन्न प्रकारका फोहरमध्येको प्लाष्टिकजन्य फोहरलाई  पनि जनाउँछ ।

(छ) “नगरजन्य फोहर” भन्नाले घरेलु फोहर, संस्थाजन्य फोहर, व्यापारजन्य फोहर भन्ने सम्झनुपर्दछ र साथै यसले सडक तथा सार्वजनिक स्थल तथा पार्कबाट निस्कने फोहर, औद्योगिक प्रतिष्ठान तथा स्वास्थ्य सेवामा संलग्न संस्थाहरूबाट निष्कासन हुने हानिकारक तथा संक्रमित फोहरबाहेकका सामान्य फोहरसमेत जनाउँछ । र, यी सबै प्रकारको फोहरमा प्लाष्टिक एक मुख्य हिस्सा हुने गर्दछ ।

(ज) “हानिकारक फोहर” भन्नाले औद्योगिक प्रतिष्ठानबाट निस्कने साधारण फोहरबाहेकको मानव स्वास्थ्य र वातावरणमा गम्भीर असर पर्ने रासायनिक फोहर, स्वास्थ्य सेवामा संलग्न संस्थाहरूबाट निष्कासन हुने सङ्क्रमित तथा धारिलो फोहर (जस्तै फुटेको सिसा, सिरिन्ज, सियो चक्कु आदि) भन्ने बुझ्नुपर्छ ।

(झ) “औद्योगिक फोहर” भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने ठोस वा तरल हानिकारक, प्रदूषित, रासायानिक फोहरजन्य वस्तुलाई सम्झनुपर्छ ।

(ञ) “औद्योगिक प्रतिष्ठान” भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले कानुनबमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको निकायसमेतलाई सम्झनुपर्दछ ।

(ट) “स्वास्थ्यजन्य फोहर” भन्नाले स्वास्थ्य सेवामा संलग्न संस्थाहरूबाट निष्कासन हुने ठोस वा तरल फोहर (हानिकारक, प्रदूषित तथा सङ्क्रमित फोहरलगायतका सबै प्रकार) लाई सम्झनुपर्छ ।

(ठ) “निर्माणजन्य तथा विपद्जन्य फोहर” भन्नाले भौतिक संरचना निर्माण गर्दा बाँकी भएका प्रयोग नहुने सामग्री र प्राकृतिक प्रकोप वा मानवीय कारणबाट भत्केका वा भत्काइएका भौतिक संरचनाबाट निस्कने सामग्रीलाई निर्माणजन्य तथा विपद्जन्य फोहर भन्ने सम्झनुपर्छ ।

(ड) “प्लाष्टिकजन्य फोहर” भन्नाले माथि उल्लेख गरिएका विभिन्न स्रोतबाट उत्सर्जन हुने विभिन्न किसिमका प्रयोग गरी फ्याँकिएका प्लाष्टिकका सामग्रीलाई प्लाष्टिकजन्य फोहर भन्ने सम्झनुपर्दछ । प्लाष्टिकजन्य फोहरमा मुख्यतः निम्न किसिमका प्लाष्टिकका सामग्रीहरू पर्दछन् ।

(अ) Polyethylene terephthalate (PETE or PET) जस्तै- पानीको बोतल ।

(आ) High–density polyethylene (HDPE) जस्तै- स्याम्फुको बट्टा, दूधको बट्टा, आइसक्रिम कन्टेनर आदि ।

(इ) Polyvinyl Chloride (PVC) जस्तै- स्यानिटरी पाइप आदि ।

(ई) Low–density polyethylene (LDPE) जस्तै- प्लाष्टिकझोला, ट्रे, खाना प्याकेजिङ गर्ने प्लाष्टिकआदि ।

(उ) Polypropylene (PP) जस्तै- बोतलको बिर्को आदि ।

(ऊ) Polystyrene (PS) जस्तै- कप, प्लेट आदि ।

यी माथिका बाहेक दुई वा दुईभन्दा बढी प्रकारको प्लाष्टिक प्रयोग गरी बनाइएका प्लाष्टिकका सामग्रीहरू पनि हुने गर्दछन् जुन रिसाइकल गर्न सकिँदैन ।

(ढ) “कन्टेनर” भन्नाले फोहर सङ्कलन वा व्यवस्थापन सहज गर्न निश्चित स्थानमा राखिएको  भाँडो, बाल्टिन आदिसमेतलाई सम्झनुपर्छ ।

जनकपुरधाम उपमहानगरपालिका

प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

(ण) “निष्कासन” भन्नाले फोहर उत्पादन तथा प्रशोधन स्थलबाट उपमहानगरपालिकाले तोकेको स्थानमा थुपार्ने, निकाल्ने तथा व्यवस्थापन गर्ने कार्यसमेतलाई सम्झनुपर्छ ।

(त) “सङ्कलन केन्द्र” भन्नाले घर-घरबाट निस्कने प्लाष्टिकलगायतका फोहर सङ्कलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न उपमहानगरपालिकाले तोकेको स्थान सम्झनुपर्दछ । यस शब्दले फोहर सङ्कलन गर्न घर-घरमा आउने नगरपालिकाले तोकेको फोहर सङ्कलन वा फोहर सङ्कलन गर्ने साधनसमेतलाई जनाउँछ ।

(थ) “प्रशोधन” भन्नाले फोहरको स्वरूप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने वा विभिन्न प्रकारका प्लाष्टिकलाई वर्गीकरण, सफाइ, प्याकेजिङ आदि गरी कच्चा पदार्थका रूपमा उपयोग गर्ने वा इन्धनका रूपमा प्रयोग गरी प्लाष्टिकजन्य फोहरको व्यवस्थापन गर्ने प्रक्रिया जनाउँछ ।

(द) “पुनः चक्रीय प्रयोग” भन्नाले प्लाष्टिकजन्य फोहरबाट विभिन्न प्रविधिको प्रयोग गरी फेरि उही किसिमका प्लाष्टिकका सामग्री वा त्योभन्दा न्यून गुणस्तरको प्लाष्टिकका सामग्रीहरू उत्पादन गरी उपयोग गर्ने प्रक्रिया जनाउँछ ।

(ध) “पुनः प्रयोग” भन्नाले सफा र मानव स्वास्थ्यमा असर नपर्ने किसिमका एकपटक प्रयोग गरिसकिएका प्लाष्टिकका सामग्रीलाई फेरि पटक-पटक उपयोग गर्ने कार्यलाई जनाउँछ ।

(न) “प्लाष्टिकजन्य फोहर सङ्कलन” भन्नाले फोहर उत्पादन हुने उत्सर्जन स्थलबाट उठाउने, घर-घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थल बढार्ने, थुपार्ने तथा अनधिकृतरूपमा सार्वजनिक स्थलमा टाँसिएका प्लाष्टिक प्रयोग गरी बनाइएका पोस्टर, ब्यानर, पम्प्लेट हटाइ सङ्कलन गर्ने कार्यसमेतलाई सम्झनुपर्दछ ।

(प) “प्लाष्टिकजन्य फोहर व्यवस्थापन स्थल” भन्नाले प्लाष्टिक फोहरको वर्गीकरण, धोएर सफा गर्न, सुकाउन, आकार घटाई बेल बनाउन, प्रशोधन गर्न र सुरक्षित बिसर्जन गर्नका लागि उपमहानगरपालिकाले तोकेको निर्धारित स्थानलाई जनाउँछ ।

(फ) “विसर्जन” भन्नाले सुरक्षितरूपमा फोहरको अन्तिम व्यवस्थापन गर्ने कार्य सम्झनुपर्दछ ।

(ब) “सामुदायिक संस्था” भन्नाले मुनाफारहित उद्देश्यले समुदायको हितका लागि प्रचलित कानुनबमोजिम स्थापित र सहभागितामूलक टोल विकास संस्था तथा उपभोक्ता समूह, आमा समूह, महिला समूह, क्लबहरू एवम् सङ्गठित संस्था, सहकारी संस्था र गैरसरकारी संस्थासमेतलाई सम्झनुपर्दछ ।

(भ) “प्लाष्टिकजन्य फोहर सङ्कलन तथा ढुवानी साधन” भन्नाले उपमहानगरपालिकाले फोहर सङ्कलन तथा व्यवस्थापन र ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने सवारीसाधन, उपकरण, यन्त्रसमेतलाई जनाउँछ ।

(३) **निर्देशिकाको आवश्यकता :**

प्लाष्टिकजन्य फोहर नकुहिने प्रकृतिको हुने हुनाले निकै लामो समयसम्म जस्ताको तस्तै वातावरणमा रहिरहने गर्दछ । यसको अव्यवस्थित बिसर्जनबाट शहरी क्षेत्रभित्र मानव स्वास्थ्य र वातावरणमा विभिन्न प्रकारका दुष्प्रभावहरू देखिनुका साथै पानीको निकास थुनिएर ढल निकासमा अवरोध आई बस्ती तथा बजार क्षेत्र डुबानमा परी मानव स्वास्थ्य र वातावरणमा गम्भीर खतरा निम्त्याउने मात्र नभई, खेतीयोग्य जमिनको ऊर्वरा शक्ति घट्नुको साथै, अन्ततोगत्वा नदी प्रवाहबाट समुन्द्रसम्म लाखौं टन प्लाष्टिकथुप्रन पुगेको छ । प्लाष्टिकलाई जलाउँदा यसबाट हानिकारक तथा प्राणघातक ग्याँस, जस्तै- डाइअक्सिन, फुरान जस्ता क्यान्सरजन्य ग्यास उत्सर्जन हुने हुँदा जलाउने प्रचलन अत्यन्त जोखिमयुक्त देखिन्छ । प्लाष्टिकजन्य सामग्री जलाउँदा उत्सर्जन हुने ग्यासले मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने मात्र नभई ओजोन तहको विनाश गर्नुका साथै जलवायु परिवर्तनमा प्रतिकूल असर पर्दछ । प्लाष्टिकलामो समयसम्म नकुहिने भए पनि समय बित्दै जाँदा सानो-सानो टुक्रामा परिणत हुन्छ । ५ मिलिमिटरभन्दा सानो आकारको यस्ता प्लाष्टिकको टुक्रालाई माइक्रोप्लाष्टिकभनिन्छ जुन मानव स्वास्थ्यका लागि मात्र नभई सम्पूर्ण जल प्राणीहरूका लागि प्राणघातक सिद्ध भइसकेको छ । जस्तै- व्यक्तिगत शृङ्गारको सामानमा प्रयोग हुने १ मिलिमिटरभन्दा कम आकारको प्लाष्टिक, कपडामा प्रयोग हुने माइक्रोफाइबर, प्लाष्टिकनिर्माण प्रक्रियामा प्रयोग हुने भर्जिन रेजिन पेलेटहरू माक्रोप्लाष्टिकहुन् ।

अतः हालको शहरीकरण र जीवनशैलीअनुसार सहज बनाउन प्लाष्टिकआफैंमा समस्या नभए पनि प्लाष्टिकका सामग्रीलाई एकपटक मात्र प्रयोग गर्ने बानी र त्यसैअनुसारका एकपटक मात्र प्रयोग गर्न मिल्ने र पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग गर्न नसकिने न्यून गुणस्तरका

## जनकपुरधाम उपमहानगरपालिका

## प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

प्लाष्टिकको उत्पादन र उपयोग गर्नुचाहिँ अहिलेको मुख्य समस्या हो । प्लाष्टिकको सट्टा कागज, ग्लास आदिको प्रयोगलाई वैकल्पिक सामग्रीका रूपमा प्रयोग गर्दा पनि वातावरणीय समस्या त छँदैछ साथै आर्थिकरूपमा दिगो बनाउन उत्तिकै चुनौतीपूर्ण छ । त्यसकारण, एकपटक मात्र उपयोग गर्न मिल्ने प्लाष्टिकको उत्पादन र उपयोगमा निषेध गर्नुको साथै धेरैपटक प्रयोग गर्न सकिने र त्यसपछि पुनः चक्रीय प्रयोग पनि सजिलै गर्न सकिने प्लाष्टिकमात्रको उत्पादन र उपयोग गर्नुका साथै वैकल्पिक सामग्रीका रूपमा स्थानीय स्तरमा नै पाउन सकिने र प्रयोग गरी फ्याँक्नुपर्दा तुरुन्तै कुहिएर मल बनाउन सकिने सामग्रीको प्रयोग हालको अवस्थामा जनकपुरधाम उपमहानगरलगायतका शहरहरूमा सान्दर्भिक देखिन्छ । यसै उद्देश्यका लागि ४० माइक्रोनभन्दा कम मोटाई भएका प्लाष्टिकको झोलाको उत्पादन, विक्रि-वितरण र उपयोगमा निषेध, एकपटक मात्र प्रयोग गरिने र पुनः चक्रीय प्रयोग गर्न नसकिने न्यून गुणस्तरका प्लाष्टिकको उत्पादन र उपयोगलाई निरुत्साहित गर्दै पूर्ण निषेध गर्ने अवधारणासहितको यस प्लाष्टिक फोहर व्यवस्थापन निर्देशिका, २०७९ तयार गरिएको छ ।

(४) **प्लाष्टिकफोहरको उत्पादन र यसको पुनः चक्रीय प्रयोगको अवस्था :**

विगत बीस वर्षको विश्वभरिको प्लाष्टिक उत्पादन र त्यसबाट उत्सर्जन हुने फोहरको परिमाणको तथ्याङ्क कहालीलाग्दो छ । विगत बीस वर्षमा प्लाष्टिकको उत्पादन दोब्बर भएको छ (सन् २००० मा २३.४ करोड टनबाट बढेर २०१९ मा आइपुग्दा ४६ करोड टन पुगेको छ) भने प्लाष्टिकफोहर दोब्बर (सन् २००० मा १५.६ करोड टन प्लाष्टिकफोहर बढेर २०१९ मा ३५.३ टन पुग्यो ) भन्दा बढी उत्सर्जन भएको देखिन्छ । माथि उल्लेख गरेअनुसार धेरै प्रकारका प्लाष्टिक उत्पादन भैरहेका छन् । हाल विश्वभर उत्पादित प्लाष्टिक मध्ये १४ प्रतिशत जति मात्र पुनः चक्रीय प्रयोग (रिसाइकल) भइरहेको छ जसमा ५ प्रतिशत जति रिसाइकलकै क्रममा फोहरका रूपमा निष्कासन हुने गर्छ । रिसाइकल हुने प्लाष्टिकमध्ये सबैभन्दा धेरै PET (५५ प्रतिशत), HDPE (३३ प्रतिशत) छ । तर बजारमा उत्पादन हुने धेरै प्लाष्टिकमध्येको PP र LDPE भए पनि यसको रिसाइकल ४ प्रतिशत मात्र हुन्छ ।

नेपालका नगरपालिकाहरूमा विगतमा गरिएको विभिन्न अध्ययनहरूका अनुसार पुराना तथा ठूला शहरमा नगरजन्य फोहरमा सालाखाला १६ प्रतिशत र नयाँ नगरपालिकाहरूमा १२ प्रतिशत प्लाष्टिक फोहरको मात्रा रहेको छ । यस आधारमा हाल नेपालको नगरपालिकाबाट

## जनकपुरधाम उपमहानगरपालिका

## प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

दैनिक उत्सर्जन हुने जम्मा फोहर ४९०० टनमध्ये प्लाष्टिकफोहर झण्डै ७०० टनभन्दा बढी छ । नेपालका नगरपालिकाहरूमा प्लाष्टिकफोहर रिसाइकलका लागि निकै कम मात्र सङ्कलन भइरहेको छ ।

जनकपुरधाम उपमहानगर देशको पुरानो शहर भएकाले र हाल मधेस प्रदेशको राजधानी पनि भएकाले शहरीकरण तीव्ररूपमा हुँदै गएको छ जसका कारण प्लाष्टिकफोहरको मात्रा पनि बढ्दै गएको देखिन्छ । एशियाली विकास बैङ्कले २०१३ मा प्रकाशित गरेको तथ्याङ्कले पनि तत्कालीन जनकपुर नगरपालिकाको घरबाट उत्पादन हुने फोहरमा १७ प्रतिशतभन्दा बढी प्लाष्टिकफोहर थियो भने अन्य नगरजन्य फोहरमा त यसको मात्रा २० प्रतिशतभन्दा बढी देखिन्छ जुन हाल झन् बढ्दोरूपमा छ । विगत १० वर्षमा नेपालका नगरपालिकाहरूमा प्लाष्टिकफोहर उल्लेखनीयरूपमा बढेको देखिन्छ । जस्तै- विराटनगर महानगरपालिकामा २०१२ मा १२ प्रतिशत मात्र प्लाष्टिकफोहर थियो भने २०२० मा यो बढेर १७ प्रतिशत पुग्यो । कोभिड-१९ को महामारीपछि त प्लाष्टिकफोहर भयाबह रूपमा बढेको छ । विभिन्न किसिमका प्लाष्टिकमध्ये एकपटक मात्र प्रयोग गर्न मिल्ने वा पुनः चक्रीय प्रयोग गर्न नमिल्ने प्लाष्टिकनै मुख्यरूपमा अन्तिम बिसर्जन स्थलमा पुग्छ । अन्ततः यो खोला, नदी हुँदै समुन्द्रमा पुग्छ । विभिन्न अध्ययनअनुसार हाल समुन्द्रमा झन्डै १० करोड टनभन्दा धेरै प्लाष्टिकफोहर थुप्रिएको अवस्था छ ।

### (५) वर्तमान कानुनी तथा नीतिगत व्यवस्था र हालसम्मको प्रयास :

वातावरण तथा मानव स्वास्थ्यमा पर्ने जोखिम न्यूनीकरण गर्नका लागि नेपाल सरकारले पहिलोपटक २०६८ सालमा प्लाष्टिकझोला नियमन र नियन्त्रण निर्देशन जारी गरी २० माइक्रोनभन्दा कम मोटाइको प्लाष्टिकझोलाको उत्पादन, आयात, बिक्री, वितरण र प्रयोग निषेध गरेको थियो । त्यस्तै २०७२ वैशाखमा प्लाष्टिकको झोलामा प्रतिबन्ध लगाउन संसदको वातावरण समितिको निर्देशनअनुसार नेपाल सरकारले पुनः प्रतिबन्ध लगाएको थियो ।

यसैबीच विभिन्न नगरपालिकाले स्थानीय स्वशासन ऐन, २०५५ र नियमावली २०५६ मा स्थानीय निकायहरूलाई वातावरणलाई हानि गर्ने वस्तु र गतिविधिहरूमा प्रतिबन्ध लगाउने अधिकार दिएकाले उक्त अधिकार प्रयोग गरी एकपटक मात्र प्रयोग हुने र पातलो प्लाष्टिकको झोला प्रयोगमा प्रतिबन्ध लगाउने काम गरेका छन् । २०६७ मा इलाम

# जनकपुरधाम उपमहानगरपालिका

## प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

नगरपालिकाले प्लाष्टिकका झोलामा पूर्ण प्रतिबन्ध लगाइ सफल कार्यान्वयनमा ल्याएको थियो जुन अन्य नगरपालिकाले पनि सिको गरेका थिए ।

तिलोत्तमा नगरपालिकाले पनि २०७६ मा फोहर व्यवस्थापन, शून्य पोलिथिन तथा पूर्ण सरसफाइयुक्त नगरपालिका अभियान कार्यान्वयन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । तर स्रोतमा नै फोहर वर्गीकरण गर्नुपर्ने प्रावधानलाई नागरिक सचेतनाको अभाव र नगरपालिकालगायतका विभिन्न सरोकारवालाहरूको इच्छाशक्तिको कमीका कारण उक्त कार्यविधि पूर्ण कार्यान्वयन हुन सकेको छैन । त्यस्तै, नेपालबाहेक बाहिर पनि विश्वका धेरै देशले प्लाष्टिकझोलामाथि प्रतिबन्ध लगाएका छन् । अफ्रिकी देश रुवान्डामा भने यसको सफल कार्यान्वयन भएको देखिन्छ भने अन्य धेरै देशमा प्लाष्टिकझोलाको उपयुक्त बैकल्पिक व्यवस्थाको अभाव र फितलो अनुगमनका कारण सफलरूपमा कार्यान्वयन हुन सकेको छैन ।

२०७२ असोजदेखि लागु गरिएको नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकका रूपमा स्वीकार गरेको र पन्ध्रौँ योजनाले तोकिएको मापदण्डभन्दा बाहेकको प्लाष्टिकको उत्पादन र प्रयोगमा प्रतिबन्ध, प्लाष्टिकजन्य पदार्थको पुनः प्रयोग र वैकल्पिक वातावरणमैत्री माध्यमबाट प्लाष्टिकको प्रतिस्थापन जस्ता लक्ष्यहरू हासिल गर्ने नीति लिएको छ । साथै, राष्ट्रिय वातावरण नीति, २०७६ बमोजिम प्रदूषणजन्य प्लाष्टिकको उपयोगलाई वैकल्पिक वातावरणमैत्री माध्यमबाट प्रतिस्थापन गरिने रणनीति तथा कार्यनीति अवलम्बन गरेको छ ।

त्यसैगरी आ.व. २०७८-०७९ मा सङ्घीय सरकारले नेपालभरि चालीस माइक्रोनभन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री, वितरण र प्रयोगमा २०७८ साउन १ गतेदेखि पूर्णरूपमा प्रतिबन्ध लगाउने नीतिगत उद्घोष र सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८ साउन २८ मा नेपाल सरकारले घोषणा गरेको प्रतिबन्धलाई प्रभावकारीरूपमा पालना गराउन कार्यान्वयनयोग्य कार्ययोजना तयार गरी प्लाष्टिकझोलाको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा देशभर प्रतिबन्ध लागु गर्न नेपाल सरकारको नाममा आदेश भएको छ ।

जनकपुरधाम उपमहानगरपालिका

प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

(६) औचित्य :

वर्तमान सङ्घीय संरचनाअनुरूप प्लाष्टिकझोला (नियमन र नियन्त्रण) निर्देशिका, २०६८ मा समसामयिक परिमार्जन हुन बाँकी रहेकाले पनि स्थानीय सरकारले सङ्घीय नीति तथा कानुनी व्यवस्थासँग नबाझिने गरी प्लाष्टिकफोहर व्यवस्थापन निर्देशिका जारी गरी समग्र प्लाष्टिक फोहरको व्यवस्थापन तथा एक पटक मात्र प्रयोग हुने तथा न्युन गुणस्तरका प्लाष्टिकका सामग्री नियम तथा नियन्त्रण निर्देशिका तर्जुमा गरी लागू गर्नु आवश्यक भएको छ ।

औद्योगिक कच्चा पदार्थ वा अर्धतयारी पदार्थका रूपमा प्रयोग हुने प्लाष्टिकजन्य कच्चा पदार्थबाहेक चालीस माइक्रोनभन्दा पातलो प्लाष्टिकझोला वा अन्य न्यून गुणस्तरका प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्णरूपमा रोक लगाएको सूचना मिति २०७८ असोज १९ को नेपाल राजपत्रमा प्रकाशन भैसकेकाले मानव स्वास्थ्य तथा वातावरणीय क्षेत्रमा पर्ने गम्भीर प्रभावलाई कम गर्न र वातावरणीय नीति तथा कानुनले निर्दिष्ट गरेको लक्ष्य एवं उद्देश्य हासिल गर्न एवं आमजनतामा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संवैधानिक हकलाई सुनिश्चित गर्न धार्मिक तथा पर्यटकीय सुन्दर नगरी जनकपुरधाम उपमहानगरपालिकाले पनि प्लाष्टिकजन्य फोहर व्यवस्थापन तथा चालीस माइक्रोनभन्दा पातलो प्लाष्टिकझोला र अन्य एकपटक मात्र प्रयोग हुने न्यून गुणस्तरको प्लाष्टिकसामग्रीमा प्रतिबन्ध लगाउन निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्नु अत्यावश्यक भएकाले यो निर्देशिका तयार गरिएको छ ।

(७) कार्यान्वयन चरणमा देखिएका चुनौतीहरू:

माथि उल्लेख गरेअनुसार विभिन्न नीतिगत तथा कानुनी आधारहरूका बाबजुद पनि एकपटक मात्र प्रयोग हुने तथा न्यून गुणस्तरको र वातावरण र मानव स्वास्थ्यमा गम्भीर असर पार्ने प्लाष्टिकका झोलालगायतका सामग्री प्रयोगमा निरुत्साहित गर्ने तथा पूर्ण निषेध गरिने कुनै पनि कार्यक्रम सहजरूपमा कार्यान्वयन नहुने र भइहाले पनि दिगो भएको देखिँदैन । यसको मुख्य कारण उपयुक्त वैकल्पिक व्यवस्था नहुनु र फितलो कार्यान्वयन त हो नै र त्यसका साथै प्लाष्टिकसामग्री उत्पादन सङ्घको विरोधको कारण पनि मुख्य हो । साथै आमउपभोगकर्ताको यस्ता प्लाष्टिकको सामग्रीको उपयोगको कारण विभिन्न दुष्परिणामबारे सचेतनाको कमी सफल कार्यान्वयन नहुनुको मुख्य कारण हो । त्यसकारण जनकपुरधाम

# जनकपुरधाम उपमहानगरपालिका

## प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

उपमहानगरपालिकाले यस निर्देशिकाको सफल कार्यान्वयनका लागि प्लाष्टिकको वैकल्पिक सामग्री उत्पादनका लागि  आवश्यक पूर्वाधार विकासमा जोड दिनुका साथै जनस्तरमा सचेतनामूलक र सिपमूलक कार्यक्रम सञ्चालन सँगसँगै गर्नुपर्नेछ।

# जनकपुरधाम उपमहानगरपालिका

## प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

### परिच्छेद - २

प्लाष्टिक फोहर उत्पादन, वर्गीकरण, न्यूनीकरण, सङ्कलन, ढुवानी, प्रशोधन तथा अन्तिम बिसर्जनसम्बन्धी व्यवस्था :

**(१) प्लाष्टिक फोहर कम उत्पादन गर्ने :**

(क) प्लाष्टिक उत्पादन गर्ने उद्योगले नै एकपटक मात्र उपयोग गर्ने प्लाष्टिक तथा न्यून गुणस्तरका प्लाष्टिक सामग्रीको उत्पादन कम गर्ने गर्नुपर्छ । यस कार्यका लागि उपमहानगरपालिकाले सम्बन्धित उत्पादकलाई सुधारका लागि सहजीकरण गर्ने र निर्देशिकालाई कडाइका साथ कार्यान्वयन गर्नुपर्नेछ।

(ख) व्यक्ति, संस्था वा निकायले कुनै पनि प्रकारका काम-कारोबार गर्दा उत्पन्न हुने प्लाष्टिकजन्य फोहर यथाशक्य कम गर्नुपर्नेछ । जस्तै- एकपटक मात्र उपयोग गर्न मिल्ने प्लाष्टिकको पातलो झोलाको सट्टा धेरैपटक प्रयोग गर्न मिल्ने मोटो झोला वा धेरैपटक प्रयोग गर्न मिल्ने कपडाको झोला आदि प्रयोग गर्नुपर्नेछ।

(ग) जनकपुरधाम उपमहानगरपालिका जस्तो धार्मिक पर्यटकीय शहरमा पर्यटकहरूलाई बस्नका लागि विभिन्न स्तरका साना-ठूला धेरै होटल भएकाले सबै होटलले त्यहाँ प्रयोग गरिने प्याकेट स्याम्पु वा ३० देखि ६० मिलिलिटर साइजको स्याम्पु बट्टाको सट्टा होटलको हरेक कोठामा Shower Dispensers प्रयोग गर्नुपर्नेछ।

(घ) जनकपुरधाम उपमहानगर क्षेत्रभित्र रहेका सम्पूर्ण होटल र पार्टी प्यालेसमा प्लाष्टिकबोत्तलको सट्टा पिउने पानीको लागि ग्लासको जग र गिलास राख्नुपर्नेछ।

(ङ) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने प्लाष्टिक फोहरको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाएर बाँकी फोहर मात्र निष्कासन गरी फोहरको परिमाण घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

(च) प्लाष्टिक लगायतका सबै नगरजन्य फोहर व्यवस्थापनमा उपमहानगरपालिकाको मुख्य जिम्मेवारी रहने भएकाले प्लाष्टिक लगायतका फोहर प्रशोधन, पुनः चक्रीय प्रयोगका लागि आवश्यक पूर्वाधार विकास गर्ने, नीति र योजना बनाइ नियमित अनुगमन गरी

विभिन्न संस्था, व्यक्ति र समुदायलाई सचेत बनाउने, प्लाष्टिक फोहर कम उत्पादन गर्न प्रोत्साहन गर्ने र कानुनअनुसार दण्ड/जरिवाना गर्ने उपमहानगरको मुख्य भूमिका रहनेछ।

**(२) प्लाष्टिक फोहरको स्रोतमा वर्गीकरण, छुट्टा-छुट्टै सङ्कलन र ढुवानी गर्ने :**

(क) जनकपुरधाम उपमहानगरपालिकाले फोहर व्यवस्थापनसँग सम्बन्धित सबै सरोकारवालाहरूको सहकार्यमा फोहरलाई स्रोतमा नै अनिवार्यरूपमा वर्गीकरण गर्नुपर्नेछ। उपमहानगरपालिकाले सबै प्रकारका प्लाष्टिकजन्य सामग्रीहरूलाई कुहिने फोहरसँग नमिसाइ छुट्टै सङ्कलन, ढुवानी र त्यसको भण्डारण अनिवार्य गर्नुपर्नेछ।

(ख) स्रोतमा नै वर्गीकरण गरिएका प्लाष्टिक सामग्रीहरूमध्ये पुनः प्रयोग गर्न सकिने सफा र राम्रो गुणस्तरको प्लाष्टिक सामग्रीलाई स्रोतबाट नै पुनः उपयोग गरेर व्यवस्थापन गरी प्लाष्टिकजन्य फोहरको परिमाण कम गर्नुपर्नेछ।

(ग) प्लाष्टिक फोहर लामो समयसम्म नकुहिने र सजिलै बल्ने प्रकृतिको भएकाले शहरी तथा ग्रामीण क्षेत्रमा यस्ता फोहर सामन्यतः खुल्ला स्थानमा बाल्ने र यसबाट उत्सर्जन हुने क्यान्सरजन्य ग्याँसले मानव स्वास्थ्यमा गम्भीर असर गर्ने मात्र नभई हरित ग्याँसको उत्सर्जनको कारण वातावरण र जलवायु परिवर्तनमा पनि प्रतिकूल असर गर्ने हुनाले जनकपुरधाम उपमहानगरपालिकाले वा उपमहानगरपालिकाले तोकेको निजी तथा सामुदायिक सेवाप्रदायकले उपमहानगरपालिकाभित्रको सबै क्षेत्रबाट प्लाष्टिक लगायतका सबै प्रकारका फोहरको सङ्कलन तथा ढुवानी गर्नुपर्नेछ।

(घ) वर्गीकरण गरिएको कुहिने फोहर नियमित सङ्कलन गर्नुपरे पनि नकुहिने प्लाष्टिकलगायतका फोहरहरू उपमहानगरपालिकाको स्रोत/साधनको उपलब्धताका आधारमा र शहरीकरणको अवस्थाअनुसार हप्ताको दुई वा एकपटक मात्र सङ्कलन गरे पुग्छ।

(ङ) माथि जे उल्लेख गरिएपनि उपमहानगरपालिका वा उसले तोकेको सेवाप्रदायकले शहरी तथा घना बस्ती भएको क्षेत्र, धार्मिक मठ/मन्दिर तथा पर्यटकीय क्षेत्रमा आवश्यकताअनुसार सबै किसिमका फोहर दैनिक सङ्कलन गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(च) उपमहानगरपालिकाले प्लाष्टिकलगायतका फोहर सङ्कलन तथा ढुवानीका लागि उपयुक्त र वातावरणमैत्री गाडीको प्रयोग गर्नुपर्नेछ। निजी क्षेत्र फोहर सङ्कलन र ढुवानीमा

संलग्न भएको छ भने उपमहानगरपालिकाले तोकेबमोजिमको मापदण्डअनुसारको सङ्कलन/ढुवानी साधन प्रयोग गर्न लगाउने र त्यसको आवश्यक अनुगमन गर्नुपर्नेछ ।

(छ) प्लाष्टिकजन्यलगायतका अन्य फोहर निष्कासनको समय, स्थान र तरिका उपमहानगरपालिका वा सम्बन्धित वडाले निर्धारण गरेबमोजिम हुनेछ ।

**(३) प्लाष्टिक फोहरको भण्डारण र प्रशोधन गर्ने :**

(क) उपमहानगरपालिकाले छुट्टै ढुवानी गरिएका सबै किसिमका प्लाष्टिकजन्य सामग्रीलाई भण्डारण, विभिन्न प्रकारका प्लाष्टिकलाई त्यसको गुण र उपयोगिताका आधारमा छुट्टयाउन र रिसाइकल उद्योगमा ढुवानी सहज एवं कम खर्चिलो बनाउन र कच्चा सामग्रीका रूपमा प्रयोग गर्नका लागि आवश्यक प्रशोधन गर्नका लागि आवश्यक पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग सामग्री भण्डारण तथा प्रशोधन केन्द्रको स्थापना गरी आफैँले सञ्चालन गर्नुपर्नेछ वा सक्षम निजी क्षेत्रलाई आवश्यक कानुनअनुसार सञ्चालन गर्न दिन सक्नेछ ।

(ख) उपमहानगरपालिकाले स्थापना गरेको पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग सामग्री भण्डारण तथा प्रशोधन केन्द्रमा पुनः चक्रीय प्रयोगमा आउने र अन्य उपयोग गर्न सकिने, जस्तै- सिमेन्ट उद्योगमा इन्धनका रूपमा प्रयोग हुने र बिसर्जन गर्नुपर्ने प्लाष्टिकको वर्गीकरण गर्नुपर्नेछ र उपयोगिताका आधारमा बेलर मेसिन प्रयोग गरी कम खर्चमा ढुवानी हुने गरी बन्डल (बेल) बनाउन सकिनेछ ।

(ग) उपमहानगरपालिकाले यसरी भण्डारण तथा छुट्टयाइएको विभिन्न किसिमका प्लाष्टिकसामग्रीलाई निजी क्षेत्रले कच्चा सामग्रीका रूपमा प्रयोग गर्नका लागि आवश्यक प्रशोधन गरी पुनः चक्रीय सामग्री उत्पादन गर्नुपर्नेछ ।

(घ) उपमहानगरपालिकालगायत सङ्घीय र प्रादेशिक सरकारले आफ्नो कार्यक्षेत्र र भूमिकाअनुसार निजी क्षेत्रलाई प्लाष्टिकको रिसाइकल बढाउन र यसका लागि उद्योग स्थापना तथा आवश्यक मेसिनहरू जडान गरी पुनः चक्रीय सामग्रीको उत्पादन गर्नका लागि सहजीकरण गर्नुका साथै यस्ता सामग्रीको बिक्री-वितरण वृद्धि गर्नका लागि आवश्यक नीतिगत सहजीकरण गर्नुपर्नेछ ।

**(४) प्लाष्टिक फोहरको सुरक्षित बिसर्जन गर्ने :**

(क) प्लाष्टिकको प्रकृतिअनुसार पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन गर्न नसकिने वा प्रशोधनका क्रममा उत्पादित प्लाष्टिकफोहरलाई अन्तिम बिसर्जन स्थल (ल्यान्डफिल साइट) मा सुरक्षिततवरले व्यवस्थापन गर्नुपर्नेछ ।

**(५) हानिकारक तथा सङ्क्रमित प्लाष्टिक फोहरको सुरक्षित व्यवस्थापन गर्ने :**

(क) हानिकारक तथा सङ्क्रमित फोहर उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायले प्लाष्टिकलगायतका सङ्क्रमित फोहरलाई अन्य सङ्क्रमितरहित सफा प्लाष्टिकतथा अन्य फोहरसँग पृथक गरी सुरक्षिततवरले स्वास्थ्यजन्य फोहर व्यवस्थापन स्ट्यान्डर्ड सञ्चालन कार्यविधि, २०७७ मा तोकिएबमोजिम सङ्कलन तथा भण्डारण गर्नुपर्नेछ ।

(ख) माथि उल्लेख गरेअनुसार सङ्कलन तथा अस्थायी भण्डारण गरिएको सङ्क्रमित तथा हानिकारक फोहरलाई तोकिएबमोजिम सुरक्षिततवरले ढुवानी गरी उत्पादक आफैँले स्वास्थ्यजन्य फोहर व्यवस्थापन स्ट्यान्डर्ड सञ्चालन कार्यविधि, २०७७ मा तोकिएबमोजिम उपयुक्त प्रविधिको प्रयोग गरी सङ्क्रमणरहित बनाइसकेपछि मात्र पुनः वा पुनः चक्रीय प्रयोग गर्न सकिने, प्लाष्टिकजन्य सामग्री भएमा उक्त कार्यका लागि उपमहानगरपालिका वा उपमहानगरले तोकेको सेवाप्रदायकले सञ्चालन गरेको प्लाष्टिक प्रशोधन तथा व्यवस्थापन केन्द्रमा पठाउन सकिनेछ ।

(६) नागरिकलाई फोहर वर्गीकरण गर्न, प्लाष्टिकफोहर घटाउन र उत्पादित फोहरलाई पुनः प्रयोग, रिसाइकल र सुरक्षित व्यवस्थापनका लागि बानी व्यवहारमा परिवर्तनका साथै क्षमता अभिवृद्धि र सचेतना कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ ।

(क) उपमहानगरपालिकामा विभिन्न सामुदायिक संस्थाहरू, जस्तै- टोल सुधार समिति, महिला समूह, युवा क्लव तथा बाल क्लब आदिलाई सक्रिय बनाइ स्रोतमा नै प्लाष्टिकलगायतका पुनः प्रयोग तथा रिसाइकल गर्न सकिने सामग्रीलाई कुहिने फोहरसँग नमिसाइ छुट्टै सङ्कलन गर्ने व्यवस्था अनिवार्य गर्न परिचालित गर्ने र त्यसका लागि आवश्यक तालिम, सचेतना कार्यक्रम उपमहानगरपालिकाले गर्नुपर्नेछ ।

(ख) फोहरको प्रकृतिअनुसार स्रोतमा नै छुट्ट्याउने, जथाभावी फोहर मिल्काउने र खुला स्थानमा बाल्ने नागरिकको बानी व्यवहार परिवर्तनका लागि आवश्यक सचेतना कार्यक्रम गर्ने र यस्ता कार्य सभ्य समाज, सफा शहरका लागि अनिवार्य कार्यहरू हुन् भन्ने बानी

पार्नका लागि पूर्वप्राथमिक तथा प्राथमिक तहको पाठ्यक्रममा यससम्बन्धी विषय समावेश गरी बालबालिकालाई अनिवार्य सिकाउनुपर्नेछ।

(ग) एकपटक मात्र प्रयोग हुने र न्यून गुणस्तरको प्लाष्टिकउत्पादन गर्ने उद्योग तथा व्यवसायीहरूलाई यसको अल्पकालीन सहजता र आर्थिक पाटोलाई मात्र नहेरी यस्ता उत्पादन उपयोगका कारण हुने मानव स्वास्थ्य तथा वातावरणमा पर्ने प्रतिकूल दीर्घकालीन असरको लागतसमेत समेट्न सुसूचित र अनिवार्य गर्ने ताकि उत्पादक आफैँ यसको व्यवस्थापनमा जिम्मेवार हुनेछन्।

जनकपुरधाम उपमहानगरपालिका

प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

परिच्छेद - ३

**४० माइक्रोनभन्दा कम मोटाई भएका प्लाष्टिक झोला उत्पादन, विक्रि-वितरण र प्रयोगमा निषेधको साथै एकपटक मात्र प्रयोग गर्न सकिने र पुनः चक्रीय प्रयोग गर्न नसकिने न्यून गुणस्तरको प्लाष्टिकफोहरको प्रयोगमा निरुत्साहित र निषेध गर्नेसम्बन्धी व्यवस्था :**

(१) पातलो मोटाइ भएको प्लाष्टिकको झोला, पानीको बोतल, सोडा बोतल, स्ट्र, प्लाष्टिकप्लेट, कप, चम्चा, खाना प्याकेजिङमा प्रयोग हुने धेरैजसो प्लाष्टिकर कफी स्टिररहरू एकपटक मात्र प्रयोग गर्न सकिने प्लाष्टिकका साथै रिसाइकल गर्न नसकिने चाउ-चाउ, पान-पराग, स्याम्फुको खोल, प्लाष्टिकलेमिनेटेड कागजको कप, मल्टी-लेयर प्लाष्टिकआदि न्यून गुणस्तरको प्लाष्टिकको व्यवस्थापनमा उपभोग गर्नेलाई मात्र होइन, उत्पादक स्वयंलाई पनि जिम्मेवार बनाउनका लागि यस्ता सामग्री उत्पादन निरुत्साहित गर्ने, दिगो र धेरैपटक उपयोग गर्न सकिने सामग्रीको उत्पादन गर्न वैकल्पिक उपायहरूमा प्रोत्साहन र सहजीकरण गर्दै अन्ततोगत्वा उत्पादन, बिक्री, वितरण र उपयोगमा जनकपुरधाम उपमहानगरपालिकाले निषेध गरी कार्यान्वयन गर्नेछ ।

(२) माथि (१) मा उल्लेख गरिएअनुसारका एकपटक मात्र प्रयोग हुने प्लाष्टिकका झोला लगायतका सामग्री तथा पुनःचक्रीय प्रयोग नहुने न्युन गुणस्तरका प्लाष्टिकका सामग्री उत्पादक स्वंयलाई जिम्मेवार बनाउन त्यस्ता प्रकारको प्लाष्टिक फोहरको व्यवस्थापन गर्न आवश्यक शुल्क उठाउनका लागि आवश्यक निर्देशिका तयार गरि लागु गर्नेछ ।

(३) सङ्घीय सरकारले ४० माइक्रोनभन्दा कम मोटाइको प्लाष्टिकझोलाको उत्पादन, बिक्री, वितरण र उपयोगमा प्रतिबन्ध लगाइसकेको अवस्थामा जनकपुरधाम उपमहानगरपलिकाले पनि पहिलो चरणमा उपमहानगरभित्र यसलाई लागु गर्नेछ ।

(४) विगतको यस्तै घोषणा कार्यान्वयन हुन नसकेको अवस्थामा वैकल्पिक व्यवस्थाविना उपमहानगरपालिकाको सबै क्षेत्रमा एकैपटक लागु गर्दा फेरि पनि पूर्ण कार्यान्वयन नहुने सम्भावना रहेकाले नमुना परियोजनाका रूपमा उपमहानगरको जानकी मन्दिर क्षेत्र (धार्मिक पर्यटकीय क्षेत्रका रूपमा नेपालमा मात्र नभई भारतलगायतको देशमा पनि प्रसिद्ध छ) मा कार्यान्वयन गरिनेछ ।

(५) नमुना परियोजनाको सफल कार्यान्वयनपश्चात क्रमशः अन्य क्षेत्रमा र अन्य न्यून गुणस्तरको प्लाष्टिकको उपयोगलाई पनि निरुत्साहित गर्ने, व्यवस्थापनका लागि यस्ता प्लाष्टिकफोहर उत्पादनलाई मात्र नभई यस्ता प्लाष्टिकको सामग्री उत्पादक स्वयंलाई जिम्मेवार बनाउँदै अन्ततः उपमहानगरपालिका क्षेत्रभित्र पूर्ण निषेध गरिनेछ ।

(६) जनकपुरधाम उपमहानगरपालिकामा ४० माइक्रोनभन्दा कम मोटाइ भएका प्लाष्टिकको झोलामा प्रतिबन्ध लगाउन र नमुना परियोजनाका रूपमा लागु गरिने जानकी मन्दिर परिसरमा सबै प्रकारका प्लाष्टिकझोलाको साथसाथै अन्य एकपटक मात्र प्रयोग हुने वा न्युन गुणस्तरका प्लाष्टिकका सामग्रीहरू, जस्तै- प्लाष्टिकका कप, प्लेट, चम्चा, धूपको बट्टा, पूजा सामग्री, प्रसादलगायतका खानेकुरा र मन्दिर जाँदा प्रयोग गरिने अन्य सामग्रीको प्याकेजिङमा प्रयोग हुने पातलो प्लाष्टिकआदि निषेध गरिनेछ ।

(७) यसका लागि जनकपुरधाम उपमहानगरपालिकाद्वारा विभिन्न सरोकारवालासँग छलफल गरी स्थानीयस्तरमा नै सहजै पाइने र वातावरणीयरूपमा उपयुक्त वैकल्पिक उपायहरूको व्यवस्था गरिनेछ र सुरुमा नमुना परियोजनाका रूपमा जानकी मन्दिर परिसरलाई शून्य प्लाष्टिकयुक्त क्षेत्र घोषणा गरी सफल कार्यान्वयन गरिनेछ ।

(८) प्लाष्टिकफोहर व्यवस्थापन निर्देशिका तथा शून्य प्लाष्टिकयुक्त नगरपालिका अभियानलाई प्रभावकारी र सार्थक बनाउन कुनै पनि व्यक्ति, कम्पनी, फर्मले ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकझोलासहितका अन्य एकपटक मात्र प्रयोग गरिने र रिसाइकल नहुने न्यून गुणस्तरका प्लाष्टिकका सामग्री प्रयोग गर्न पाउने छैन ।

(९) यो निर्देशिका प्रारम्भ हुँदाका बखत प्रचलित कानुनबमोजिम उत्पादन गरी मौज्दातमा रहेका प्लाष्टिकझोला, गिलास, प्लेट, चम्चा र अन्य प्याकेजिङमा प्रयोग हुने प्लाष्टिकयो निर्देशिका प्रारम्भ भएका मितिले बढीमा तीन महिनाभित्र खपत वा उचित व्यवस्थापन गरी सोको जानकारी उपमहानगरपालिकालाई दिनुपर्नेछ । सो अवधिभित्र खपत वा उचित व्यवस्थापन नगरी मौज्दात रहन गएको प्लाष्टिकझोला वा अन्य तोकिएका सामग्रीहरू उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा लिइ उचित तरिकाबाट व्यवस्थापन गर्नेछ ।

(१०) माथि (९) मा उल्लेख गरे अनुसारका मौज्दात रहन गएको प्लाष्टिक झोला वा अन्य तोकिएका सामग्रीहरू उपमहानगरपालिकाले निम्न तरिकाबाट व्यवस्थापन गर्नु पर्नेछ :

(क) पुनःचक्रीय प्रयोग गर्न सकिने प्रकारको प्लाष्टिकलाई पुनःचक्रीय सामग्री संकलन तथा भण्डारण केन्द्रको निर्माण गरी संकलन, त्यसको वर्गिकरण गरी पुनःचक्रीय प्रक्रियाको लागि पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(ख) पुनःचक्रीय प्रयोग गर्न नसकिने प्रकारका प्लाष्टिकका सामग्रीहरुलाई पनि पुनःचक्रीय सामग्री संकलन तथा भण्डारण केन्द्रमा पुन वर्गिकरण गरि सुरक्षित तबरले प्याकेजिंङ गरी सिमेन्ट तथा आधुनिक ईट्टा उद्योगमा इन्धनको रुपमा प्रयोग गर्नको लागी पठाउनुपर्नेछ ।

(ग) माथि (क) र (ख) मा उल्लेख गरेअनुसारका व्यवस्थापन गर्न नसकिने प्लाष्टिकका सामाग्रीको सुरक्षित तबरले अन्तिम विसर्जनस्थल (स्यानिटरी ल्यान्डफिल साइट) मा व्यवस्थापन गर्नुपर्ने छ ।

(११) विभिन्न सरोकारवालामध्ये जनकपुरधाम उपमहानगरपालिकाको दायित्व निम्नानुसारको हुनेछ :

(क) माथि उल्लेख गरिएका प्लाष्टिकझोलालगायतका अन्य प्लाष्टिकसामग्रीको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्ने,

(ख) यस्ता सामग्री प्रयोग नगर्न उत्प्रेरणा जगाउने, समुदाय र नमुना परियोजना लागु गरिने जानकी मन्दिरका आधिकारिक पदाधिकारीहरू, परिसर क्षेत्रका सामान बिक्रेता, मन्दिरमा आउने भक्तजनहरू र अन्य आगन्तुकहरूलाई आवश्यकताअनुसार सचेतना कार्यक्रम र विभिन्न अभियान सञ्चालन गर्ने,

(ग) प्लाष्टिकलगायतका फोहरमैला व्यवस्थापनका लागि आवश्यक पहल गर्ने, आवश्यक सङ्कलन, ढुवानी, भण्डारण, प्रशोधन तथा सुरक्षित बिसर्जनका लागि आवश्यक मेसिन र पूर्वाधार स्थापना गर्ने । यस कार्यका लागि उपमहानगरपालिकाले पुनः प्रयोग तथा पुनःचक्रीय प्रयोग सामग्री भण्डारण तथा प्रशोधन केन्द्रको स्थापना गरी उपयोगिताका आधारमा बेलर मेशिन प्रयोग गरी कम खर्चमा ढुवानी हुने गरी बन्डल (बेल) बनाउने छ । साथै पुनःचक्रीय प्रयोग नहुने प्लाष्टिकको हकमा पनि छुट्ट्याउने र बन्डल (बेल) बनाउने मेशिनको प्रयोग गरि सिमेन्ट उद्योगमा ईन्धनको रुपमा प्रयोग गर्न आबश्यक व्यवस्था गर्ने छ ।

(घ) समुदायमा सचेतना कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रोत्साहन, पुरस्कार र दण्ड/जरिवाना गर्ने,

(ङ) प्लाष्टिकझोलाको सट्टा तल (ज) मा उल्लेख गरेअनुसारको अन्य वातावरणमैत्री थप विकल्प पनि खोज्ने र क्रमिकरूपमा प्लाष्टिकविस्थापित गर्दै जाने नीति अवलम्बन गर्ने,

(च) विस्थापित गर्नुअघि प्रयोगमा आइसकेका प्लाष्टिकझोलालगायतका एकपटक मात्र प्रयोग हुने प्लाष्टिकसामग्रीको उपयुक्त ढङ्गले व्यवस्थापन गर्ने,

(छ) एकपटक मात्र प्रयोग हुने र न्यून गुणस्तरका प्लाष्टिकउत्पादन गर्ने उद्योगलाई वातावरणमैत्री र आर्थिकरूपमा दिगो हुने वैकल्पिक सामग्री, जस्तै- कागज तथा कपडाको झोला उत्पादन गरी माथि उल्लेख गरिएका प्लाष्टिकका सामग्रीलाई बिस्थापन गर्न सङ्घीय सरकारसँगको सहकार्यमा नीतिगत व्यवस्थाका साथै प्रोत्साहित र सहजीकरण गर्ने,

(ज) दीर्घकालीनरूपमा सामग्री प्याकेजिङ्का लागि प्रयोग गरिसकेपछि तुरुन्तै कुहिने प्रकृतिको सामग्री सालको पातलगायत जनकपुरधाम क्षेत्र तथा यसको वरिपरि सहजै पाइने बोट-बिरुवा (जस्तै- मखान, केरा) को पात आदिबाट व्यावसायिक स्तरमा नै दुना, टपरीलगायतका प्याकेजिङ् सामग्रीको उत्पादन र उक्त प्याकेजिङ् सामग्रीलाई राख्न वा बोक्नका लागि जूट, कपडाको झोला, स्थानीय स्तरमा पाइने बाँस, निगालो आदिबाट बन्ने बास्केटलगायतका सामग्री बनाउन निजी क्षेत्र तथा व्यवसायीहरूलाई आवश्यक नीतिगत सहजीकरण र सहयोग गर्ने,

(झ) यस निर्देशिकाका साथै शून्य प्लाष्टिकयुक्त क्षेत्र नमुना परियोजनाको सफल र प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय सरकारको प्लाष्टिकझोला (४० माइक्रोन भन्दा कम मोटाइका एकपटक मात्र प्रयोग हुने) प्रतिबन्धसम्बन्धी कार्ययोजना, २०७८ मा उल्लेख भएअनुसार उपमहानगरले आवश्यकताअनुसार परिमार्जन गरेर उपमहानगरस्तरीय अनुगमन समिति गठन गरी यस निर्देशिकाको सफल कार्यान्वयनका लागि कडाइका साथ अनुगमन गर्ने,

(१२) अनुगमन, नियमन तथा नियन्त्रण गर्ने व्यवस्था

जनकपुरधाम उपमहानगरपालिका

प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

४० माइक्रोनभन्दा कम मोटाइको प्लाष्टिकझोला, एक पटक मात्र प्रयोग हुने न्युन गुणस्तरको प्लाष्टिकसामग्रीको नियमन तथा नियन्त्रणको लागि अनुगमन गर्न उपमहानगरपालिकाले देहायबमोजिमको अनुगमन समिति गठन गर्न सक्नेछ :

(क) उपमेयर - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सबै वडाका अध्यक्ष - सदस्य

(घ) अध्यक्ष, जनकपुरधाम उपमहानगरपालिका उद्योग बाणिज्य संघ - सदस्य

(ङ) शाखा प्रमुख, वातावरण तथा फोहर व्यवस्थापन हेर्ने शाखा - सदस्य सचिव

यस निर्देशिकालाई सफल कार्यन्वयनका लागि उपमहानगरपालिकास्तरको बाहेक प्रत्येक वडा र नमुना परीयोजना क्षेत्र जस्तैः जानकी मन्दिर परिसर क्षेत्रमा आवश्यकताअनुसार उपमहानगरपालिकाको मातहतमा रहने गरी छुट्टै अनुगमन समिति गठन गर्न सकिनेछ ।

**(१३) अनुगमन समितिको काम, कर्तब्य र अधिकार :**

जनकपुरधाम उपमहानगरपालिकास्तरीय अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) यस निर्देशिका कार्यन्वयनको पहिलो चरण अन्तर्गत चालिस माइक्रोनभन्दा पातलो प्लाष्टिकझोलाको प्रयोगको निषेध गर्न, एक पटक मात्र प्रयोग हुने माथि उल्लेख गरे अनुसारका न्युन गुणस्तरका, पुनःचक्रीय प्रयोग गर्न नसकिने प्लाष्टिकसामग्रीको उत्पादन, बिक्रि, वितरण र उपयोग गर्ने कार्य दुरुत्साहित गर्न नमुना परियोजनाको रुपमा जानकी मन्दिर परिसर क्षेत्रलाई घोषणा गरी अभियान नै चलाएर सबै सरोकारवालाहरुलाई सचेत एवं सुसुचित गराउने ।

(ख) सचेतना कार्यक्रम संगसंगै उद्योग ब्यबसायीहरुको सहकार्यमा प्लाष्टिकझोला तथा प्याकेजिङ्को सट्टा माथि उल्लेख भएअनुसारका विभिन्न वैकल्पिक सामग्रीको उत्पादन, बिक्रि-वितरण र उपयोगमा अनिवार्य गर्ने ।

(ग) नमुना परियोजना क्षेत्रमा ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकझोला तथा अन्य एक पटक मात्र प्रयोग गर्न मिल्ने न्युन गुणस्तरको प्लाष्टिकको सामग्रीको विक्रि-वितरण र प्रयोग भए नभएको अनुगमन गर्ने र त्यसो देखिएमा त्यस्ता सामग्री जफत गरी त्यस्तो कार्य गर्नेलाई निर्देशिकामा उल्लेख गरेअनुसार नसियत गर्ने ।

(घ) नमुना परियोजनाको सफल कार्यन्वयनपछि कम्तिमा एक वर्षभित्र जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र यसको कार्यन्वयन गर्ने, त्यसका लागि आवश्यक अनुगमन गर्ने ।

(ङ) निर्देशिकामा उल्लेखित मापदण्ड विपरितका प्लाष्टिकझोला र सामग्री उत्पादन, संकलन, बिक्रि, वितरण वा भण्डारण गर्ने फर्म, कम्पनी वा व्यक्तिबाट त्यस्ता सामग्री जफत गर्न लगाउने ।

(च) यसरी जफत भएका प्लाष्टिक झोलाको मुचुल्का बनाई वातावरणमैत्री हुने गरी उपलब्ध प्रविधिअनुरुप नष्ट गर्ने वा पुनचक्रीय प्रयोग हुने प्लाष्टिकसामग्री छ भने त्यस्तो प्रयोजनको लागि बिक्रि गर्ने व्यवस्था गराउने ।

(छ) जफत भएका प्लाष्टिक सामग्री व्यवस्थापन गर्दा लाग्ने खर्च कसुरदारबाट असुलउपर गर्ने ।

(ज) कसुरको मात्रा हेरी यस निर्देशिकाको दफा २० मा तोकेबमोजिम हुने गरि दण्ड/जरिवाना गर्ने ।

(१४) जनकपुरधाम उपमहानगरभित्र बसोबास गर्ने उपमहानगरपालिकाबासीको कर्तव्य देहायबमोजिम हुनेछ :

(क) माथि उल्लेख गरिएका उपमहानगरले तोकेबमोजिमका प्लाष्टिकझोलालगायतका अन्य सामग्री प्रयोग नगर्ने,

(ख) कुनै पनि अवस्थामा प्लाष्टिक झोला माग तथा प्रयोग नगर्ने,

(ग) सामान किन्न जाँदा उपमहानगरले तोकेबमोजिमका झोला तथा भाँडो प्रयोग गर्ने,

(घ) कपडा, कागज, अल्लो आदिबाट बनेका वा अन्य वैकल्पिक झोलाहरू प्रयोग गर्ने र अरूलाई पनि त्यही गर्नका लागि प्रोत्साहित गर्ने,

(ङ) शून्य प्लाष्टिकक्षेत्र घोषणा गरिएको नमुना परियोजना क्षेत्र, जस्तै- जानकी मन्दिर परिसरमा पूजा सामग्री तथा प्रसाद, फलफूल र खानेकुरा प्याकेजिङ्का लागि कागजको झोला प्रयोग गर्ने । अझै यस्तो प्रयोगलाई दिगो बनाउनका लागि प्रयोग गरी निष्कासन गरेपछि तुरुन्तै कुहिने प्रकृतिका सामग्रीहरू, जस्तै- सालको पातलगायत जनकपुरधाम क्षेत्र तथा यसको वरिपरि सहजै पाइने बोट-बिरुवा (जस्तै- मखान) को पात आदिबाट बनाइएका दुना, टपरीलगायत प्रयोग गर्ने र उक्त प्याकेजिङ सामग्री राख्न वा बोक्नका लागि कपडाको झोला, स्थानीय स्तरमा पाइने बाँस, निगालो आदिबाट बनाइएका बास्केट प्रयोग गर्ने । यसरी प्रयोग भएका सामग्री मन्दिर परिसरमा नै बिसर्जन गर्नुपरेमा मन्दिर परिसरमा रहेका डस्टबिनमा उपमहानगरले तोकेबमोजिम राख्ने,

(च) शून्य प्लाष्टिकप्रयोग नमुना परियोजना क्षेत्रको सफल र प्रभावकारी कार्यान्वयनपछि आफ्नो निवास, छिमेक, समुदाय, टोल वरिपरिको क्षेत्रलाई प्लाष्टिकझोलालगायतका एकपटक मात्र प्रयोग गर्न मिल्ने वा रिसाइकल नहुने न्यून गुणस्तरका प्लाष्टिकमुक्त क्षेत्रका रूपमा घोषणा गर्ने र क्रमिकरूपमा कार्यान्वयन गर्ने,

(१५) यो निर्देशिका जनकपुरधाम उपमहानगरपालिकामा सहज कार्यान्वयनका लागि प्लाष्टिकउत्पादकको दायित्व देहायबमोजिम हुनेछ :

(क) जनकपुरधाम उपमहानगरभित्र सञ्चालनमा रहेका प्लाष्टिकझोलालगायतका एकपटक मात्र प्रयोग गर्न मिल्ने वा रिसाइकल नहुने न्यून गुणस्तरका प्लाष्टिकउत्पादन गर्ने उद्योगहरूले यो निर्देशिका लागु भएको मितिले ६ महिनादेखि १ वर्षभित्र सङ्घीय सरकारकै नीतिअनुरूप यस उपमहानगरपालिकाले निर्देश गरेअनुसारको आफ्नो उत्पादन व्यवस्थापन गर्नुपर्नेछ ।

(ख) नगरपालिकाले उपलब्ध गराएको नमुनामा आधारित रही प्लाष्टिकका झोला, गिलास, प्लेटसमेतका विकल्पहरू विकास गरी त्यस्ता वस्तु मात्र उत्पादन गरी प्रयोगमा ल्याउन पहल गर्नुपर्नेछ ।

(ग) माथि उल्लेख गरेअनुसारका निषेधित गर्नुपर्ने प्लाष्टिकका सामग्रीको विकल्पमा वातावरणमैत्री, दिगो र स्थानीय अवस्थालाई उपयुक्त हुने माथि १४ (ङ) मा उल्लेख गरेअनुसारको वैकल्पिक सामग्रीहरू क्रमशः उत्पादन गर्दै जानुपर्नेछ ।

(१६) प्लाष्टिक सामान बिक्रेताको दायित्व देहायबमोजिम हुनेछ :

(क) जनकपुरधाम उपमहानगरपालिकाले जारी गरेको यस निर्देशिकामा उल्लेख भएबमोजिम वा सङ्घीय सरकारको यस्तै प्रकारको नीति तथा कानुनबमोजिम कपडा, कागज, अल्लो, जूट वा मापदण्डले तोकेबमोजिमको धेरैपटक उपयोग गर्न सकिने बलियो प्रकारको प्लाष्टिक झोला मात्र बिक्री गर्ने,

(ख) प्लाष्टिकका झोला, कप, प्लेट, चम्चा, प्याकेजिङ्का लागि प्रयोग हुने प्लाष्टिक आदि बिक्रीका लागि उत्पादक वा अन्य कुनै एजेन्ट आएमा उपमहानगरपालिकालाई तुरुन्त जानकारी गराउने,

(ग) कपडा वा वैकल्पिक झोला प्रयोग गर्ने र प्लाष्टिकका झोलालगायत उपरोक्त वस्तुहरू बन्देज गरिएको जानकारी उपभोक्तालाई गराउने,

(घ) आफ्नो व्यावसायिक क्षेत्रभित्र फ्याँकेका सबै प्लाष्टिक झोला सङ्कलन गरी पुनः प्रयोगमा पठाउने वा स्व-व्यवस्थापन गर्ने,

(ङ) सामान किन्न आउँदा ग्राहकलाई आफ्नै झोला लिएर आउन अनुरोध गर्ने,

(च) यो निर्देशिकामा उल्लेख गरेको मापदण्डबाहेकका प्लाष्टिकका झोलामा सामान बिक्री नगर्ने,

(१७) जानकी मन्दिर परिसरमा पूजाआजाका लागि आउने र अन्य आगन्तुकहरूको शून्य प्लाष्टिक अभियानमा देहायबमोजिम मुख्य कर्तव्य हुनेछ :

(क) जनकपुरधाम उपमहानगरपालिकाको जानकी मन्दिर परिसरमा जाने जुनसुकै आगन्तुकले प्लाष्टिकको झोलालगायत अन्य एकपटक मात्र प्रयोग हुने कुनै पनि प्लाष्टिकको सामग्री लिएर जान पाइने छैन ।

(ख) यस्ता सामग्रीहरू परिसरबाहिर नै उपमहानगरपालिका वा जानकी मन्दिर व्यवस्थापन समितिले व्यवस्था गरेको डस्टबिनमा राख्नुपर्नेछ र परिसरभित्र प्लाष्टिक बाहेकका कपडा, कागजको झोला र माथि उल्लेख भएअनुसारको स्थानीयस्तरमा पाइने र बनाउन सकिने झोला, बास्केट तथा प्याकेजिङ् सामग्री मात्रै प्रयोग गर्नुपर्नेछ ।

(ग) पूजा सामग्री, फूल-प्रसाद, धूप-ध्वजा आदि व्यवस्थित तरिकाले चढाउने र यस्ता सामानका प्याकेट, खोल, झोला आदि अव्यवस्थिततवरले यत्रतत्र नफाली मन्दिर परिसरमा राखिएको डस्टविनमा राख्नुपर्नेछ ।

(घ) जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्रका सडकमा हिँड्ने जोसुकै आगन्तुक तथा पैदल यात्रुले सडकमा हिँड्दा पराग, गुट्खा, सुर्ती, चुरोट, बिस्कुट, चाउचाउ, रिचार्ज कार्ड वा यस्तै प्रकारका कुनै पनि खाद्य वा अखाद्य वस्तु उपभोग गरेमा उपभोगपश्चात खाली भएका प्याकेट वा खोल आदि प्लाष्टिकफोहर सडकमा नफाली अनिवार्यरूपमा डस्टविनमा राख्नुपर्नेछ ।

(ङ) सडकमा नजिकै डस्टविन नभएको खण्डमा सो फोहर आफ्नो खल्ती वा झोलामा राखी जहाँ डस्टविन भेटिन्छ, त्यसैमा राख्नुपर्नेछ ।

(च) उपरोक्त व्यवस्थाबमोजिम गर्नु सडकयात्री वा आगन्तुकको कर्तव्य हुनेछ ।

(१८) जानकी मन्दिर व्यवस्थापन समिति तथा त्यसका पदाधिकारीहरूको शून्य प्लाष्टिक अभियानमा देहायबमोजिम मुख्य कर्तव्य हुनेछ :

(क) जानकी मन्दिर परिसरलाई शून्य प्लाष्टिकक्षेत्र बनाउने, पूर्ण सरसफाइ गर्ने र त्यसको अनुगमन गर्ने जिम्मेवारी जनकपुरधाम उपमहानगरपालिकासँगको सहकार्यमा सम्बन्धित व्यवस्थापन समितिको हुनेछ ।

(ख) जनकपुरधाम उपमहानगरपालिकाको सहयोग र सहकार्यमा शून्य प्लाष्टिक नमुना परियोजना क्षेत्र (जानकी मन्दिर परिसर) मा निषेध गरिएका सामग्री, जस्तै- प्लाष्टिकझोला तथा अन्य एकपटक मात्र प्रयोग हुने प्लाष्टिक सामग्री मन्दिर परिसरबाहिर नै सङ्कलन गर्न र अन्य कुहिने प्रकृतिका प्याकेजिङका सामग्रीहरू आगन्तुकले फ्याँक्नुपरेमा व्यवस्थित सङ्कलनका लागि मन्दिर परिसरभित्र आवश्यक पूर्वाधार (जस्तै- मापदण्डअनुसारका

सङ्कलन डस्टविन आदि) को व्यवस्थापन गर्ने र तुरुन्तै तोकिएबमोजिम ढुवानीको व्यवस्था गर्नुपर्नेछ ।

(ग) सार्वजनिक सूचना पाटीमा टाँस गरी मन्दिर परिसर वरपर सफा राख्न प्लाष्टिकलगायतका अन्य फोहर मन्दिर परिसर वरपर छरिएको देखेमा देख्ने व्यक्तिले टिपेर डस्टविनमा राख्न अपिल गर्ने ।

(१९) सार्वजनिक सवारीका साधनमा निम्नअनुसारको व्यवस्था गर्नुपर्नेछ ।

(क) सवारीका साधनमा अनिवार्य रुपमा डस्टविनको प्रयोग गर्नुपर्नेछ ।

(ख) सार्वजनिक बस, ट्रक, ई-रिक्सा व्यवसायीका सम्बन्धित समितिहरुसँग सहकार्य गरी समिति मातहतका सवारी साधनका धनीमार्फत स्टाफलाई यस सम्बन्धमा सु-सूचित गरी स्टाफ आफूले पनि फोहर बाहिर नफाल्ने र यात्रुलाई समेत सचेत गराउने व्यवस्था गर्नुपर्नेछ ।

(ग) सवारी साधनभित्र सवैले देख्ने ठाउँमा वाहिर जथाभवी फोहर नफालौं, डष्टविनमा राखौं भन्ने सन्देशको सुचना टाँस गरी यात्रुलाई जानकारी गराउनुपर्नेछ ।

**(२०) दण्ड, जरिवाना तथा पुरस्कारको व्यवस्था**

जनकपुरधाम उपमहानगरपालिका भित्र कसैले देहायको कुनै काम गरेमा फोहर व्यवस्थापन ऐन २०६८, स्थानीय सरकार संचालन ऐन, २०७४ र यस निर्देशिका बमोजिम कसुर गरेको मानिनेछ र तल उल्लेख भए अनुसार दण्ड/जरिवाना हुनेछ :-

(क) उपमहानगरपालिका वा सम्बन्धित वडाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र सडक, नाली वा अन्य सार्वजनिक स्थानमा फोहर निष्काशन गर्ने र खुल्ला स्थानमा प्लाष्टिकलगायतका सुख्खा फोहरलाई बाल्ने कसुर गरेमा उपमहानगरपालिका वा सम्बन्धित वडाले तीन हजारदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ख) फोहर संकलन केन्द्रमा राखिएको कण्टेनर तोडेफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउनेलाई उपमहानगरपालिका वा सम्बन्धित वडाले  पन्ध्र हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ग) स्थानीय सरकार संचालन ऐन तथा फोहर व्यवस्थापन ऐन, २०६८ एवं प्रचलित कानूनबमोजिम अनुमति नलिई फोहर व्यवस्थापनको कार्य गर्ने वा प्रचलित कानूनबमोजिम अनुमति लिई फोहर व्यवस्थापन गर्दा अनुमतिपत्रमा उल्लिखित सर्तहरु उल्लंघन गर्नेलाई उपमहानगरपालिका वा सम्बन्धित वडाले पन्ध्र हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(घ) नगरजन्य फोहर संकलन केन्द्र, कण्टेनर वा फोहर थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्नेलाई उपमहानगरपालिका वा सम्बन्धित वडाले पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(ङ) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने वा यस्ता वस्तु सार्वजनिक स्थल वा सडक, कूलो, ढल, नालीमा मिसाई प्रदुषित गराउनेलाई उपमहानगरपालिका वा सम्बन्धित वडाले पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(च) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न नगरपालिका वा सम्बन्धित वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्नेलाई उपमहानगरपालिका वा सम्बन्धित वडाले पाँच सयदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(छ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहर राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्नेलाई उपमहानगरपालिका वा सम्बन्धित वडाले पन्ध्रदेखी तीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(ज) रासायनिक फोहर, औद्योगिक फोहर, स्वास्थ्य संस्थाजन्य फोहर वा हानिकारक फोहर जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउनेलाई उपमहानगरपालिकाले पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोहि कसुर पुन गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरि प्रचलित कानूनबमोजिम अनुमति रद्ध गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

जनकपुरधाम उपमहानगरपालिका

प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

(झ) फोहर सकंलन, ढुवानी तथा फोहर व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्नुको साथै फोहर संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहर व्यवस्थापनसम्बन्धी कार्यमा हड्‌ताल गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(ञ) फोहर अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले पाँच हजारदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(ट) फोहर व्यवस्थापन ऐन २०६८ को दफा ४४ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्नेलाई उपमहानगरपालिकाले पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोहि कसुर पुन गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरि प्रचलित कानून बमोजिम अनुमति रद्ध गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(ठ) स्रोतमै फोहरको पृथकीकरण नगरी फोहर मिसाएर निष्काशन गर्नेलाई उपमहानगरपालिका वा सम्बन्धित वडाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ । साथै स्रोतमा फोहरको पृथकीकरण गरी कुहिने फोहरलाई मल बनाई व्यवस्थापन गर्ने र नकुहिने फोहर मात्र उपमहानगरपालिकाले तोकेबमोजिमको समय र ठाउँमा निष्कासन गरेमा प्रोत्साहनबापत फोहर व्यवस्थापन मासिक शुल्कमा पचास प्रतिशतसम्म छुट दिन सक्नेछ ।

(ड) मरेको वा मारेको पशुपंक्षी र त्यसको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्नेलाई उपमहानगरपालिका वा सम्बन्धित वडाले पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ढ) पैदल तथा सार्वजनिक यातायातका यात्रु तथा सवारीसाधनबाट जथाभावी फोहर फाल्नेलाई उपमहानगरपालिका वा सम्बन्धित वडाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(ण) चुरोट तथा सुर्तिजन्य (पान/पराग/गुट्खा आदि) जस्ता वस्तुको फोहर जथाभावी फाल्नेलाई उपमहानगरपालिका वा सम्बन्धित वडाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(त) उपमहानगरपालिकाले आफ्नो क्षेत्रलाई सफा, स्वच्छ र पूर्ण सरसफाइयुक्त उपमहानगरपालिका अभियान सञ्चालन गर्ने क्रममा यस निर्देशिका बमोजिम जानकी मन्दिर क्षेत्रलाई शुन्य पोलिथिनयुक्त क्षेत्र बनाउने अभियान तथा नगर क्षेत्रलाई ४० माइक्रोनभन्दा कम मोटाइ भएका एक पटक मात्र प्रयोग हुने प्लाष्टिक झोला तथा पुनःचक्रीय प्रयोग नहुने न्युन गुणस्तरका प्लाष्टिकमुक्त उपमहानगरपालिका बनाउने अभियानमा यस निर्देशिकामा उल्लेख भएका सरोकारवालाहरुले उल्लेख भएबमोजिम आफ्नो कर्तव्य वा जिम्मेवारी पुरा नगरी जथाभावी पोलिथिनजन्य फोहोर फाल्ने, फाल्न लगाउने र बाल्ने आदि कसुर गर्नेलाई उपमहानगरपालिका वा सबन्धित वडाले प्रत्येक पटक पाँच सय जरिवाना गर्न सक्ने छ ।

(थ) यस निर्देशिकामा उल्लेख भएको प्रावधान विपरित उपमहानगर क्षेत्रमा प्लाष्टिक झोला, गिलास, प्लेट, चम्चा उत्पादन, भण्डारण, बिक्रि वितरण र प्रयोग गर्ने लगायतको कसुर गरेमा उपमहानगरपालिका वा सम्बन्धित वडाले देहायअनुसारको जरिवाना गर्न सक्ने छ ।

(अ) प्लाष्टिक झोला, गिलास, प्लेट, चम्चा उत्पादन गर्ने उद्योगलाई प्रतिपटक दश हजार रुपैयाँसम्म ।

(आ) उपरोक्त वस्तु बिकी गर्ने पसल धनीलाई प्रतिपटक एक हजार रुपैयाँसम्म ।

इ) उपरोक्त वस्तुहरु प्रयोग गर्ने उपभोक्तालाई प्रतिपटक दुई सय रुपैयाँसम्म ।

ई) माथि खण्ड (अ) र (आ) मा उल्लेखित उत्पादक वा वितरकले सोही कसुर दोहऱ्याई रहेमा उपमहानगरपालिकाले उत्पादन वा बिकी वितरणको अनुमति वा दर्ता खारेजी गर्ने वा दर्ता खारेज गर्न लेखी पठाई त्यस्तो कारोबार बन्द गर्न सक्नेछ ।.

(२१) पुनरावेदन :

दफा २० बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्ने छ ।

# जनकपुरधाम उपमहानगरपालिका

## प्लाष्टिकजन्य फोहर ब्यबस्थापन निर्देशिका-२०७९

प्रमाणीकरण मिति :

राजपत्रमा प्रकाशित मिति :